केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/१३/०६५/६६ मिति : २०६५/०६/०६

**इजाजतपत्रप्राप्त सम्पूर्ण वाणिज्य बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयका सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. अधिक शेयर स्वामित्व (Excess Shareholding) सम्बन्धमा:

कुनै व्यक्ति फर्म, कम्पनी, एकाघर परिवार वा संगठित संस्थाले यस बैंकबाट इजाजतपत्रप्राप्त कुनै एक बैंक तथा वित्तीय संस्था ("क", "ख" र "ग" वर्ग) को संस्थापक शेयरमा लगानी गर्दा चुक्ता पूँजीको बढीमा १५ प्रतिशतसम्म मात्र लगानी गर्न सकिने नीतिगत व्यवस्था रहेको र सो अनुसार तोकिएको सीमाभित्र कायम नरहेका बैंक तथा वित्तीय संस्थाका संस्थापक शेयरधनीहरुलाई उक्त सीमाभित्र नआएसम्म सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट वितरण हुने नगद लाभांस, बोनस शेयर र हकप्रद शेयरमा सहभागी हुन बन्देज लगाइएको छ ।

२. बैंक जमानत (Bank Guarantee) सम्बन्धमा:

(क) यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले प्रक्रिया पुरा गरी जारी गरेका बैंक जमानत ( Bank Guarantee) बापतको रकम कुनै कारण परी Beneficiary लाई भुक्तानी दिनु पर्ने अवस्थामा माग दावी परेको सात दिन भित्र भुक्तानी दिने/नदिने सम्बन्धमा टुङ्गो लगाइसक्नु पर्नेछ ।

(ख) यसरी दावी परेको सात दिन भित्रमा पनि बैंक जमानत जारी गर्ने संस्थाले Beneficiary लाई भुक्तानी दिनु पर्ने अवस्थामा पर्याप्त आधार बिना भुक्तानी नगरेको पाईएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको यस बैंकमा रहेको खाता/यस बैंकले आदेश दिएको बैंकको खाताबाट कट्टा गरी सम्बन्धित Beneficiary लाई भुक्तानी गर्न सकिने छ ।

(ग) यसरी भुक्तानीका लागि दावी परेको जमानत बापतको संभावित दायित्वलाई पूँजीकोषको अनुपात गणना गर्ने प्रयोजनका लागि २०० प्रतिशतले जोखिम भार प्रदान गर्नुपर्ने छ ।

३. न्यून लागत आवास (Low Cost Housing) कर्जालाई विपन्न वर्गमा गणना गर्ने सम्बन्धमा:

बैंक तथा वित्तीय संस्थाहरुबाट विपन्न वर्गमा गणना हुन योग्य व्यक्तिहरुका लागि मात्र घरजग्गा खरिद तथा घर निर्माण कर्जाको आवश्यकता पूरा गर्ने उद्देश्यले देहाय अनुसारको शर्तको अधिनमा रही प्रदान भएको कर्जालाई समेत विपन्न वर्गको कर्जामा गणना गरिने:

(क) सुरक्षित धितो लिई सामुहिक वा व्यक्तिगत आधारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रदान हुने रु. ४ लाखसम्मको कर्जा ।

(ख) सम्बन्धित बैंक तथा वित्तीय संस्थाको आफ्नो कर्जा नीतिमा यसरी विपन्न वर्गलाई घरजग्गा खरिद तथा घर निर्माण कर्जा प्रदान गर्ने सम्बन्धमा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्ने ।

**क्रमशः**

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(ग) यस्तो कर्जा प्रदान गर्दा प्रचलित ऐन, कानून तथा यस बैंकको नीति निर्देशन बमोजिमको सम्पूर्ण प्रकृया पुरा गरेको हुनु पर्ने ।

(घ) विपन्न वर्ग भन्नाले यस बैंकबाट जारी निर्देशन नं.१७ मा उल्लेखित परिभाषा अनुसार न्यून आय भएका र खासगरी सामाजिक रुपमा पिछडिएका महिला, जनजाति, दलित वर्ग, अन्धा, बहिरा, शारीरिक रुपले अपाङ्ग व्यक्तिहरु, सीमान्त तथा साना किसान, कालिगढ, मजदूर र भूमिहीन परिवारलाई सम्झनु पर्ने ।

४. लघुकर्जा (Microcredit) सम्बन्धमा:

"घ" वर्गका लघुवित्त विकास बैंकहरुले समूहमा आवद्ध नभएका इच्छुक व्यक्तिहरुलाई पनि पर्याप्त धितो लिई बढीमा रु.६०,००० (साठी हजार) सम्मको लघुकर्जा प्रदान गर्न सक्नेछन ।

भवदीय,

(केशवराज आचार्य)
निर्देशक

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
६. श्री नेपाल राष्ट्र बैंक, बैंकिंग कार्यालय, थापाथली तथा जिल्ला स्थित कार्यालयहरु ।
७. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
८. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
९. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।